# भिरकोट नगर एकिकृत कृषि विकास नमुना कार्यक्रम
# सञ्चालन निर्देशिका
# २०७७

मिति:-२०७७/१०/३०

## १. प्रस्तावनाः

भिरकोट नगरपालिका क्षेत्रका मानिसहरु कृषि पेशामा आधारीत भएर पनि परम्परगत खेतीप्रणाली र सोंचका कारण उनीहरुको आर्थिक तथा सामाजिक अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन । जमिनको उत्पादन क्षमता दिनानुदिन घट्दै गएको तर बालीनालीको महत्वपूर्ण खाद्यतत्व त्यतिकै खेर गएको र कतिपय कृषकहरुमा ज्ञानको कमीका कारण दुरुपयोग भैरहेकाले भू-क्षय समेतलाई मद्दत पुगेको अवस्था छ । कार्यक्रमले यसको समूचित व्यवस्थापन गर्नेछ । गाउँघरबाट बजारतिर कृषि उपजहरु लगेर आयआर्जन गर्नु पर्नेमा बजारबाट तरकारी तथा बीउ बिजन ल्याउनु पर्ने उल्टो अवस्था विकसित हुँदै गैरहेको छ । एकातिर दिनानुदिन खेतीयोग्य जमिन बाँझिँदै छ भने अर्कोतिर बेरोजगारीको कारण भन्दै सारा युवा जनशक्ति विदेसीने गरिरहेका छन् त्यो पनि कोभिड १९ का कारण ठप्प प्राय भएको छ । हिजोआज कृषि बाली प्रवद्र्धनको निम्ति कृषि स्रोत तथा जैविक विविधताका परम्परागत हाम्रा स्रोत गाउँघरमा नगन्य मात्रमा कताकती देख्न पाईन्छ । मादले काँक्रो, सागे तथा शरादे सीमी, कार्तिके बोडी आदी जस्ता स्रोत सङ्कटमा परिसके । बजारमा हाईब्रीड जातका ब्रीउ आयत गरिए तापनि अति महङ्गा छन् जसका कारण साना किसानको पहुंच पुग्दैन र उपयुक्त मौसममा खोज्दा एग्रोभेटहरुमा पाईदैन । यो तितो यथार्थलाई हृदयङ्गम् गरी स्थानीय स्रोत, साधन, प्रविधि र सामाग्रीमा आधारित रहेर यो भिरकोट गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका तयार गरिएको हो । यहाँका समस्या र सम्भावनाको विश्लेषण उल्लेखित कृषि बाली प्रवद्र्धनको लागि कृषि स्रोत एवं कृषि जैविक विविध्तामा देखिएका जटिलता हरुलाई संबोधन गरी समस्याहरुलाई न्युनिकरण गर्न यस भिरकोट गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रम मार्फत टेवा पुग्नेछ । यो भिरकोट गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रम मार्फत सञ्चालन हुने क्रियाकलापहरुले कृषकहरुमा उत्साह ल्याउनुको साथै ठुला किसानहरुमा व्यवसायिकता र साना कृषक घरपरिवारमा कृषि उत्पादनको आत्म निर्भरता सिर्जना गरी आन्तरिक अर्थतन्त्रको विकासमा टेवा पुग्नेछ । यसलाई जनप्रतिनीधिबाट कृषक मैत्री कार्यक्रमका रुपमा संस्थागत गरिनेछ ।

## २. कार्यक्रमको परिकल्पना

नगरमैत्री नमूना एकिकृत कृषि कार्यक्रम मार्फत कृषकहरुमा दिगो व्यवसायिकता

## ३. कार्यक्रमको उद्देश्य

- कृषकहरुलाई कृषि पेशामा आकर्षित गरी आम्दानी बढाउने ।
- कृषिमा सामुहिक एवं सहकारीता विकास मार्फत स्थानीय स्तरमा रोजगारी वृद्धी गर्ने।
- कृषिमा व्यवसायिकरण मार्फत विदेश पलायन हुने दरमा कमी ल्याउने ।


## ४. कार्यक्रमको अपेक्षित उपलब्धी

- तालिम तथा सिकाईका आधारमा तरकारी तथा फलफुल व्यवसायको आकार बढ्दै बढ्दै गएको हुनेछ ।
- प्रस्तावित भिरकोट गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रमबाट सिकाई केन्द्रको स्थापना मार्फत नगरका कृषकहरुको दिगो उत्पादन क्षमता विकास भएको हुनेछ ।
- एकिकृत कृषि उपज संकलन तथा बिक्री केन्द्रको स्थापना र सञ्चालनले बिचौलीयाको एकाधीकार अन्त्य भै कृषकहरुको कृषि उपजले उचित मुल्य प्राप्त गरेको हुनेछ ।
- भिरकोट नगरपालिका तरकारी फलफुल तथा खाद्यान्नमा आत्मनिर्भर भएको हुनेछ ।
- प्रस्तावित व्यवसाय केन्द्रित भिरकोट गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रमबाट हरेक वर्ष सिकाई बढ्दै जाने र माटोको गुणस्तरमा समेत सुधार आउने भएकोले आम्दानीमा वृद्दि हुने छ
- कृषिमा दिगो व्यवसायिकताको लागि सामुहिक कृषि तथा पशुपालन फार्म स्थापना र सञ्चालन सँगै समुहिक उत्पादन सहकारी खेतिको विकास मार्फत नागरिकहरुमा स्वरोजगार, सामुहिक भावना र आम्दानीको वृद्दी भएको हुनेछ ।
- भिरकोट गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रम स्वरोजगारबाट आम्दानी वृद्दी हुने भएकोले र रोजगारीका अवसर समेत सिर्जना हुनेछ र हरेक वर्ष यो अवसर बढ्दै जाने भएकोले रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता हट्नेछ ।

## ५. कार्यक्रम कार्यान्वयन प्रकृया

प्रस्तावित कार्यक्रमको कार्यान्वयनको लागि टोलविकास संस्थासँग सहकार्य गरिनेछ । उनीहरु मार्फत नै लक्षित कृषक छनौट गर्न लगाई टोल तथा वडा स्तरमा तालिम सञ्चालन हुनेछ । तालिम तथा अन्य सहयोगका कार्यहरु सञ्चालनका क्रममा व्यवस्थापकीय पक्षको सहयोग वडा कार्यालय तथा नगरपालिकाबाट हुनेछ । परियोजना भित्र भएका विभिन्न क्रियाकलापहरुलाई तपशिल अनुसारको कार्यक्रमको अवधारणागत खाँका भित्र रहेर सञ्चालन हुनेछ।

कार्यक्रमको संरचनात्मक ढाँचा




## ६. कृयाकलापहरुको चरणबद्द सञ्चालन प्रकृया

## ६.१ नगरपालिकाबाट योजना तर्जुमा

वस्तीस्तरबाट समावेशी योजना तर्जुमा प्रकृयाका ७ वटा चरण पार हुदै आएका कृषि सम्बन्धि योजनाहरुलाई छुट्याउने र कृषिका लागि व्यवसायिकरण मार्फत आर्थिक विकास हुने योजनाहरुलाई प्राथमिकताका साथ यो भिरकोट गाँउ नगर एकिकृत नमूना कृषि विकास कार्यक्रम मा समावेश गरिनेछन् ।

## ६.२ नगर कार्यपालिकाबाट योजना स्वीकृत

कृयाकलाप १ बाट छुट्याईएका क्रियाकलापहरुलाई कार्यान्वयनका लागि बजेटको अनुकुलता र प्रयाप्तता हेरी प्राथमिकता १, २, ३ गर्दै तोकेर नगर कार्यपालिकाबाट निर्णय गरी कार्यक्रम सञ्चालनको मार्गदर्शन तयार गरिनेछ । सँगै हरेक वर्ष यसको प्रभावकारी कार्यान्वयन गर्न टास्क फोर्स निर्माण तथा परिचालनका लागि निर्णय लिने ।

## ६.३ नमूना फारम स्थापना (सिकाई केन्द्र)

श्रीभाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

कृषकहरुको क्षमता विकास, प्रदर्शनी एवं बजारीकरणलाई सुलभ होस् भन्नका लागि नगर क्षेत्रका सबै वडालाई पायक पर्नेगरी १ स्थानमा नमुना फारम स्थापना तथा सञ्चालन हुनेछ । यसका लागि नगरपालिकाका कृषि तथा भेटनरी प्राविधिक माथै सहकार्य गर्ने अन्य सरकारी गैरसरकारी संस्थाहरुको समन्वय रहनेछ र सो भित्र तपशिल अनुसारका गतिविधि रहनेछन् ।

### ६.३.१ जग्गाको छनौटः

नमुना कृषि फारम कम्तिमा २० रोपनी देखि ५० रोपनी क्षेत्रफलभित्र स्थापना गरिनेछ । कम्तिमा ५ देखि १० वर्षको लागि जग्गा भाडामा लिएर वा नगरपालिकाको आफ्नै खेतीयोग्य जग्गा भएमा सम्वन्धित निकाय र कार्यपालिकाबाट निर्णयगरी त्यसैमा पनि गर्न सकिनेछ । भाडादर स्थानीय तहको दररेट अनुसार हुनेछ । जग्गाको वर्गिकरण ० देखि ४ भाग रहनेछन् । जुन पूर्वाधार निर्माणसँग सम्वन्धित हुनेछन्

### ६.३.२ पूर्वाधार निर्माण

#### क. ब्लक ० (आवास क्षेत्र)

यस ब्लकमा एकतले घर निर्माण हुनेछ जसमा तालिम कक्ष, कामदार/कर्मचारी बस्ने कोठा, औजार सामाग्री स्टोर, १ वटा कृषि उपज संकलन कक्ष, १ बटा कृषि उपज विक्री कक्ष र थी सवैका लागि आवस्यक शैचालय पानी बत्ती आदि रहनेछन् । नमूना पशुपालनका लागि गोठ निर्माण आदि हुनेछन् सार्थ केही नमूना ग्रिन हाउस, हाईटेक टनेल नर्सरी आदि समेत निर्माण हुनेछ । पूर्वाधार अन्तरगतका कार्य सालवसाली बढ्दै जान सक्नेछन् ।

#### ख. ब्लक १ (प्रदर्शनी क्षेत्र)

यस ब्लकमा नमूनाको रुपमा कम्पोष्ट मल खाडल सहित वनाउने विधि, झोलमल झोल विषादी तयारी विधि सहितका नमूना, भकारो सुधार तथा गोठेमल व्यवस्थापन, गड्यौंले मल नमूना सँगसँगै दैनिक रेखदेख गर्नेखालका विभिन्न वालीको परीक्षण प्रदर्शन तथा नमूना नर्सरी समेत रहनेछन् ।

#### ग. ब्लक २ (खाद्यान्न उत्पादन क्षेत्र)

यस ब्लकमा खासगरी लामो अवधिका वार्षिक उत्पादन हुने वालीहरुको नमूना रहनेछन् जसमा विशेश गरेर स्थानीय जातका वालीहरु लगाई वीउ उत्पादन संरक्षणका लागि समेत जोड दिईनेछ ।

#### घ. ब्लक ३ ( फलफुल उत्पादन क्षेत्र)

यस ब्लकमा खासगरी लामो अवधिका बहुवर्षे फलफुलका नमुना रहनेछन् जसमा विशेश गरेर स्थानीय जातका फलफुलका नमुना उत्पादन हुनेछन् । (१० वर्षको अवधिका लागि यो त्यति प्रभावकारी नहुने)

### ङ. ब्लक ४ ( वन क्षेत्र)

जग्गाको प्रयाप्तता र उपलब्धता भएसम्म यस ब्लकमा नमूना वन क्षेत्रको स्थापना समेत हुनेछ । जैविक विविधताको संरक्षण, भुक्षय नियन्त्रण र वातावरण संरक्षण जस्ता कार्यलाई वन क्षेत्रले टेवा दिने हुनाले यो ब्लकको अपरिहार्यता रहेको छ । (१० वर्षको अवधिका लागि यो त्यति प्रभावकारी नहुने)

### ६.३.३ सञ्चालन र व्यवस्थापन

नगरपालिकाको प्राविधिक कर्मचारी नै यस पूर्वाधारको संरक्षण गर्न जिम्मेवार रहने छन् भने फार्म भित्रका अन्य नियमित श्रम सम्वन्धि काम गर्नका लागि परिचालित हुनेछन् ।

## ६.४ कृषक क्षमता विकास

### ६.४.१ कृषक समुह / समितिसँग अन्तरक्रिया

नगरक्षेत्रका सवै वडामा रहेका कृषक समुह/ संस्थालाई कृषि सम्वन्धि व्यवसायिकता कसरी गर्न सकिन्छ भन्नेबारे अन्तरक्रिया बैठकको आयोजना गरिनेछ । यसै कार्यक्रममा ग्रामीण क्षेत्रका टोलमा रहेका, कृषिलाई व्यवसायको रुपमा अगाल्न चाहेका र केही कृषि पेश गरेका समेत कृषकहरुको छनौट गरिनेछ र सो को आधारमा छनौट भएका कृषकहरुलाई आगामी तालिम तथा सहायताका प्रकृयामा सहभागि गराईनेछ ।

### ६.४.२ कृषक उपसमूह गठन

नगरक्षेत्रका सवै वडामा रहेका टोल विकास संस्था भित्रका व्यवसाय गर्ने कृषकहरुलाई एकिकृत गरेर कृषि उपसमूह गठन गरिनेछ । यसरी गठन हुने कृषक समूहमा मुलत २ प्रकारका कृषक हुनेछन् । पहिलो करेशाबारी कृषक उनीहरुले वार्है महिना करिव २०० वर्गमिटरको क्षेत्रफलमा विशेशगरी तरकारी उत्पादन गरेर आफ्नो भान्सामा ताजा विषादी रहित तरकारी उपभोग गर्नेछन् यीनीहरुले टोलमा नेतृत्व गर्नेछन् भने अर्को कृषक व्यवसायिक हुनेछन् जसले कम्तिमा १ रोपनी क्षेत्रफलमा मुख्य रुपमा तरकारी र सहायक तरकारी सँगै थप क्षेत्रमा फलफूल समेत उत्पादन गर्नेछन् र बजारमा बक्रेलाई वेचेर आम्दानी गर्नेछन् । यीनीहरुले वडामा कृषकको प्रतिनीधित्व गर्नेछन् ।

### ६.४.३ कृषक समूह दर्ता

नगरक्षेत्रका सवै वडामा रहेका टोल विकास संस्था भित्रका व्यवसाय गर्ने कृषकहरुलाई एकिकृत गरेर कृषि उपसमूह गठन गरिसकेपछि नगरपालिकाले तोकेको नीतिभित्र रहेर कृषक समूहको दर्ता तथा सुचिकृत गरिनेछ । यसरी सुचिकृत भैसकेपछि कृषि ज्ञान केन्द्र प्रदेश सरकार संघीय सरकारसँगको स्रोतमा पँहुच वृद्दी भई क्षमता विकास, योजना सञ्चालनबाट आर्थिक उपार्जन गर्न सहयोग पुग्नेछ ।

### ६.४.४ व्यवसायिक कृषक वडा सञ्जाल गठन

नगरक्षेत्रका वडाका टोलबाट व्यवसायिक कृषकको रुपमा छनौट भई दर्ता भएका समूह कृषकहरुको सहभागितामा व्यवसायिक कृषक वडा सञ्जाल गठन हुनेछ । यीनीहरुले वडाको समग्र कृषि क्षेत्र विकास एवं कृषि सम्बन्धि व्यवसायिकता कसरी गर्न सकिन्छ भन्नेबारे नेतृत्वदायी भूमिका खेल्नेछन् भने नगरमा गाँउ नगर एकिकृत कृषि विकास कार्यक्रम सञ्चालनमा टेवा पर्याउने छन । प्रत्येक परिवारलाई एक कृषक समुहमा समावेश गराइने छ । व्यवसायिकताको आधारमा कृषक वर्गिकरण गरिने छ ।

## ६.४.५ कृषक सदस्यहरुलाई सहकारी तथा बैक एवं बित्तीय संस्थामा पँहुच

टोल टोलमा गठन भएका कृषक सदस्यहरुलाई नगर क्षेत्रमा भएका सहकारीहरुमा कृषक समूहको सामुहिक आवद्दता गरिनेछ जसले गर्दा सीप, नवसिर्जना भएर पनि पुँजिको अभावले व्यवसायलाई बढावा दिन नसकेका कृषक समूह सदस्यले उक्त सहकारीहरुबाट आधार स्रोत लिएर लगानीको माध्यमबाट प्रतिफल हाँसिल गर्नेछन् । व्यवसाय वृद्दी गर्न चाहाने कृषकहरुलाई थप सहुलियत ऋणका लागि बैंक तथा बित्तीय संस्थाहरुमा लिंक गरिनेछ जसले गर्दा उनीहरुको आर्थिक उपार्जनबाट दिगो जीविकोपार्जनमा टेवा पुग्नेछ ।

## ६.४.६ कृषि सहकारीको संस्थागत विकासमा टेवा र परिचालन

नगरपालिकाको आफ्नै मात्र पुँजीले परिकल्पना गरेको नगरमैत्री नमूना एकिकृत कृषि कार्यक्रम मार्फत कृषकहरुमा दिगो व्यवसायिकता पुरा हुँदैन तसर्थ नगरपालिकाको सहकारी ऐन अनुसार नगरक्षेत्रमा दर्ता भएका र स्थानीय विशेस कृषक समूहहरु आवद्द भएका कृषि सहकारी र अन्य सहकारी समेतको आबस्यकतामा आधारित तालिम भ्रमणको माध्यमबाट क्षमता विकास गरि एकिकृत कृषिको क्षेत्रमा पूर्जीको लगानीको लागि सुनिश्चित गरिनेछ ।

## ६.४.७ करेशाबारी व्यवस्थापन तालिम

यस तालिमका लक्षित कृषक सहभागीहरुमा टोलविकास संस्थासँगको छलफल पश्चात छनौट/अन्य केही तरिकाबाट छनौटमा परेकाहरु करेशारबारीमा तरकारी उत्पादन तालिमका लागि योग्य हुनेछन् । तालिममा ठाँउ र परिवेश हेरि १५ देखि ३० जना सहभागीहरुलाई समावेश सकिनेछ ।

| करेशाबारी व्यवस्थापन तालिममा सहभागि छनौटका केही आधार |
| --- |
| • कम्तिमा २०० वर्गमिटर क्षेत्रफलमा नियमितरुपमा तरकारी उत्पादनमा संलग्न भएको । <br>• प्राङ्गारिक उत्पादनलाइ जोड दिने । <br>• नविनतम् सोँच भएको र सो को कार्यान्वयन गरेको |

यस तालिमको समयावधि ३ दिनको रहेको छ । यसमा विशेष गरेर करेशावारीको परिचय, करेशावारीको महत्व एवं फाइदा, करेशावारी व्यवस्थापनमा कृषक समूहको भूमिका, करेशावारीको योजना, करेशावारीको लागि ठाउँको छनौट, कम्पोष्ट मल, झोल मल तथा घरेलु जैविक ओखती तयारी, नर्सरी व्याड व्यवस्थापन, करेशावारीको रेखाङ्कन गर्दा ध्यान दिनुपर्ने कुराहरु, करेशावारीमा वाली लगाउने योजना, तरकारीहरुलाई वर्गिकरण, तरकारी तथा फलफूलको उपभोग, तरकारी टिप्ने, स्तरीकरण तथा विक्रीवितरण गर्ने करेशावारीमा रोग कीरा व्यवस्थापन, करेशावारी व्यवस्थापनका लागि लैङ्गिक सहभागिता, करेशावारीका लागि कृषकको योजना आदि विषय समावेश हुनेछन् ।

तालिमको लागि सामान्यतया विषयवस्तु अनुसार समयको व्यवस्थापन गरिएको छ.। हरेक दिन शुरुवातमा ३० मिनेट र दिनको अन्त्यमा १५ मिनेटको संक्षेपिकरण र मूल्याङ्कनको लागि निर्धारण गरिएको छ । यसको साथै हरेक सेसन पछि १० मिनेटको विश्राम र ३० मिनेटको खाजा विश्रामको व्यवस्था गरिएको छ । यसरी प्रत्येक दिनको लागि ६ घण्टाको समय तालिमका लागि छुट्याएर सञ्चालन गरिनेछ ।

## ६.४.८ तरकारी खेती तथा फलफुल साथै पशुपालन सम्वन्धी व्यवसायिक तालिम

### क. तरकारी खेती तालिम

यस तालिमका लक्षित कृषक सहभागीहरुमा टोलविकास संस्थासँगको छलफल पश्चात छनौट अन्य केही तरिकाबाट छनौटमा परेकाहरु व्यवसायिक तरकारी उत्पादन तालिमका लागि योग्य हुनेछन् । तालिममा ठाँउ र परिवेश हेरि १५ देखि ३० जना सहभागीहरुलाई समावेश सकिनेछ । यस तालिममा तरकारी खेतीको परिचय, बेमौसमी तरकारी खेती, मुख्य हिउँदे तथा वर्षे तरकारी बालीहरु, तरकारी नर्सरी व्यवस्थापन, मलखाद व्यवस्थापन, तरकारी खेतीको खर्च र आम्दानीको लेखाजोखा, तरकारी बालीमा सिंचाई व्यवस्थापन, रोग तथा कीरा व्यवस्थापन, उत्पादनोपरान्त (पोष्ट हार्भेष्ट) प्रविधि, मूल्य अभिवृद्धि गर्न सकिने प्रविधि तथा अवसरहरु, तरकारीको बजार, बजारीकरण तथा बजार सेवा सम्बन्धि जानकारी, तरकारी सहक्षेत्रका प्रमुख समस्याहरु तथा समाधानका उपायहरु, तरकारी खेतिको लागि बिमाको व्यवस्था, तरकारी क्षेत्र सँग सम्वन्धित सरकारी निति तथा नियमहरु, तरकारी खेती व्यवसायिक योजना तयारी एवं तरकारी बाली पात्रो आदि विषय समावेश गरेर सञ्चालन गरिनेछ ।

| व्यवसायिक तरकारी खेती तालिममा सहभागि छनौटका केही आधार |
|---|
| • कम्तिमा १ रोपनी क्षेत्रफलमा नियमित तरकारी उत्पादन र बजारिकरणमा संलग्न भएको । |
| • स्वस्थ तथा प्राङ्गारिक उत्पादनलाइ जोड दिने । |
| • वैदेशिक रोजगारीमा गएर फर्केको, वैदेशिक रोजगारीमा नजाने प्रतिबद्दता भएको |
| • कृषि मुल पेशा भएको |
| • नविनतम् सोँच भएको र सो को कार्यान्वयन गरेको |

यस तालिमको समयावधि ५ दिनको रहेको छ । मोड्यूलको लागि सामान्यतया विषयवस्तु अनुसार समयको व्यवस्थापन गर्नुपर्दछ । हरेक दिन सामान्यतया शुरुवातमा ३० मिनेट र दिनको अन्त्यमा १५ मिनेटको संक्षेपिकरण र मूल्याङ्कनको लागि निर्धारण गर्ने साथै हरेक सेसन पछि १० मिनेटको विश्राम र ३० मिनेटको खाजा विश्रामको व्यवस्था गर्नुपर्दछ । यसरी प्रत्येक दिनको लागि ६ घण्टाको समयको आधारमा डिजाइन गर्नुपर्दछ । तालिम आवासीय भएको खण्डमा समयावधि फरक पर्न सक्नेछ ।

### ख. फलफूल खेती तालिम (पर्माकल्चर मोडल)

यस तालिमका लक्षित कृषक सहभागीहरुमा लक्षित कृषक सहभागीहरुमा टोल विकास संस्थासँगको छलफल पश्चात छनौट अन्य केही तरिकाबाट छनौटमा परेकाहरु यस फलफुल खेती (पर्माकल्चर मोडल) तालिमका लागि योग्य हुनेछन् । तालिममा ठाँउ र परिवेश हेरि १५ देखि ३० जना सहभागीहरुलाई समावेश सकिनेछ । यस तालिममा कृषिबन बगैंचामा पर्माकल्चर मोडलको परिचय पर्माकल्चर मोडल लागि योजना बनाउने बगैंचामा बाली व्यवस्थापन बगैंचामा नर्सरी व्यवस्थापन गर्ने तरिका माटोको उर्वराशक्ति व्यवस्थापन बगैंचामा सिँचाई व्यवस्थापन फिल्ड अवलोकन एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) फलफूल रोप्ने तरिका र बोटको काँटछाँट ० देखि ब्लक ४ सम्मको परिचय र छलफल माथै योजना तयारी आदि रहनेछन् ।

**फलफुल खेती तालिममा सहभागि छनौटका केही आधार**

- *कम्तिमा ३ रोपनी क्षेत्रफलमा विविधिकरणमा फलफूल उत्पादन र बजारीकरणमा संलग्न भएको ।*
- *स्वस्थ तथा प्राकृतिक उत्पादनमा जोड दिने ।*
- *वैदेशिक रोजगारीमा सफल फर्केको, वैदेशिक रोजगारीमा नजाने प्रतिवद्धता भएको*
- *कृषि मुल पेशा भएको*
- *नविनतम् सोँच भएको र सो को कार्यान्वयन गरेको*

यस तालिमको समयावधि ५ दिनको रहेको छ । मोड्यूलको लागि सामान्यतया विषयवस्तु अनुसार समयको व्यवस्थापन गर्नुपर्दछ । हरेक दिन सामान्यतया शुरुवातमा ३० मिनेट र दिनको अन्त्यमा १५ मिनेटको संक्षेपिकरण र मुल्याङ्कनको लागि निर्धारण गर्ने साथै हरेक सेसन पछि १० मिनेटको विश्राम र ३० मिनेटको खाजा विश्रामको व्यवस्था गर्नुपर्दछ । यसरी प्रत्येक दिनको लागि ६ घण्टाको समयको आधारमा डिजाइन गर्नुपर्दछ । तालिम आवासीय भएको खण्डमा समयावधि फरक पर्न सक्नेछ ।

## ग. व्यबसायिक पशु पंक्षी पालन तालिम

यस तालिमका लक्षित कृषक सहभागीहरुमा टोल विकास संस्थासँगको छलफल पश्चात छनौट अन्य केही तरिकाबाट छनौटमा परेकाहरु यस व्यवसायिक पशुपालन तालिमका लागि योग्य सहभागि हुनेछन् । तालिममा ठाँउ र परिवेश हेरि १५ देखि ३० जना सहभागीहरुलाई समावेश गर्न सकिनेछ । यस तालिममा सामान्यतया दुई मोडलमा सञ्चालन गर्न सकिनेछ साधारण मोडल जसमा पशुपालन यसको महत्व फाईदा भविष्य रोगको निदान उपचार व्यवस्थापन छलफल साथै योजना तयारी आदि रहनेछन् भने विशेश मोडलमा निश्चित विषय - सेक्टरल (गाई भैंसी पालन, कुखुरा पालन - स्थानीय र ब्रोईलर, बाख्रा पालन आदि) मा आधारित हुन सक्नेछन् ।

**व्यवसायिक पशु पंक्षी पालन तालिम मा सहभागि छनौटका केही आधार**

- *भैंसी कम्तिमा ५ वटा भएको (दुधको लागि)*
- *गाई कम्तिमा ५ वटा (दुधको लागि)*
- *बाख्रा कम्तिमा २० वटा माउ (मासुको लागि)*
- *कुखुरा लोकल भए कम्तिमा ५० वटा पोथी*
- *कुखुरा ब्रोईलर भए कम्तिमा २००० अट्ने खोर भएको र पाल्दै गरेको*
- *स्वस्थ उत्पादनलाई जोड दिने ।*
- *वैदेशिक रोजगारीमा सफल फर्केको, वैदेशिक रोजगारीमा नजाने प्रतिवद्धता भएको*
- *कृषि मुल पेशा भएको*
- *नविनतम् सोँच भएको र सो को कार्यान्वयन गरेको*

यस तालिमको समयावधि सहभागिको आवश्यकता र तालिमको सेक्टर सेक्टर (गाई भैंसी पालन, कुखुरा पालन - स्थानीय र ब्रोईलर, बाख्रा पालन आदि) अनुसार ३ देखि ५ दिनको रहेको छ । मोड्यूलको लागि सामान्यतया विषयवस्तु अनुसार समयको व्यवस्थापन गर्नुपर्दछ । हरेक दिन सामान्यतया शुरुवातमा ३० मिनेट र दिनको अन्त्यमा १५ मिनेटको संक्षेपिकरण र मुल्याङ्कनको लागि निर्धारण गर्ने साथै हरेक सेसन पछि १० मिनेटको विश्राम र ३०

मिनेटको खाजा विश्रामको व्यवस्था गर्नुपर्दछ । यसरी प्रत्येक दिनको लागि ६ घण्टाको समयको आधारमा डिजाइन गर्नुपर्दछ । तालिम आवासीय भएको खण्डमा समयावधि फरक पर्न सक्नेछ ।

## घ. व्यवसायिक मौरी पालन तालिम

यस तालिमका लक्षित कृषक सहभागीहरुमा टोल विकास संस्थासँगको छलफल पश्चात छनौट-अन्य केही तरिकाबाट छनौटमा परेकाहरु यस व्यवसायिक मौरी पालन तालिमका लागि योग्य सहभागि हुनेछन् । तालिममा ठाँउ र परिवेश हेरि १५ देखि ३० जना सहभागीहरुलाई समावेश गर्न सकिनेछ । यस तालिममा मौरी पालन भनेको के हो, मौरी पालन गर्दा आवश्यक उपकरणहरु, कसरी मौरी पालन गर्ने, किन मौरी पालन गर्ने, मौरी पालन गर्दा ध्यान दिनुपर्ने कुराः उपयुक्त ठांउको छनौट, घारको छनौट, मौरीको व्यवस्थापन -भेर, भेर हुल्ने तरिका, घार हेर बिचार, घार मिसाउने, झगडाको नियन्त्रण, मौरी भाग्नबाट बचाउने, कृतिम खाना, सुरक्षा, रोग, शत्रु, हिउदको व्यवस्थापन, बर्षातमा रेखदेख, विष, मौरीबाट उत्पादित बस्तुको व्यवस्थापन आदि हुन सक्नेछन् ।

यस तालिमको समयावधि ५ दिनको रहेको छ । मोड्यूलको लागि सामान्यतया विषयवस्तु अनुसार समयको व्यवस्थापन गर्नुपर्दछ । हरेक दिन सामान्यतया शुरुवातमा ३० मिनेट र दिनको अन्त्यमा १५ मिनेटको संक्षेपिकरण र मूल्याङ्कनको लागि निर्धारण गर्ने साथै हरेक सेसन पछि १० मिनेटको विश्राम र ३० मिनेटको खाजा विश्रामको व्यवस्था गर्नुपर्दछ । यसरी प्रत्येक दिनको लागि ६ घण्टाको समयको आधारमा डिजाइन गर्नुपर्दछ । तालिम आवासीय भएको खण्डमा समयावधि फरक पर्न सक्नेछ ।

**मौरीपालन तालिममा सहभागि छनौटका केही आधार**

- *मौरीका कम्तिमा ५ बटा घार भएका वा राख्न सक्ने*
- *जग्गाजमिन कम भएका*
- *मौरीपालनका लागि उपयुक्त क्षेत्र*
- *बैदेशिक रोजगारीमा गएर फर्केको, बैदेशिक रोजगारीमा नजाने प्रतिवद्धता भएको*
- *कृषि मुल पेशा भएको*
- *नविनतम् माँग भएको र सो को कार्यान्वयन गरेको*

## ६.४.९ कृषक सहयोग

माथि उल्लेख भएका ६.४.७ र ६.४.८ का तालिममा सहभागि भएका कृषकहरुलाई लक्षित गरि लागत सहभागिताको आधारमा तपशिल अनुसारको सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

### क. करेशाबारी समूह कृषकलाई सहयोग

यस क्रियाकलाप अन्तरगत नमूना करेशाबारी स्थापना गर्ने कृषकहरुलाई टोल विकास संस्था र प्राविधिक कर्मचारीहरुको सिफारिसका आधारमा कृषकहरुको लागत सहभागिता रहनेगरी नमूना फार्म मार्फत बाहैं महिना उत्पादन गर्न सकिने मागमा आधारित बीउबिजनका मिनिकिट साथै समाना औजार सामाग्री उपलब्ध गराईने छ।

### ख.व्यवसायिक तरकारी उत्पादन समूहलाई आर्थिक तथा प्राविधिक सहयोग

यस क्रियाकलाप अन्तरगत नमूना व्यवसायिक कृषि फार्म स्थापना गर्ने कृषकहरुलाई टोल विकास संस्था र प्राविधिक कर्मचारीहरुको सिफारिसका आधारमा कृषकहरुको लागत सहभागिता रहनेगरी नमूना फार्म मार्फत व्यवसायिक उत्पादन गर्न सकिने मागमा आधारित बीउविजनका मिनिकिट साथै हाते ट्रेक्टर, प्लाष्टिक घर निर्माण, सरलथोपा सिंचाई, क्रेट लगायतका अन्य ससाना औजार सामाग्री उपलब्ध गराईने छ ।

## ग. कृषि वन (पर्माकल्चर मोडेल) समूहलाई आर्थिक तथा प्राविधिक सहयोग

यस क्रियाकलाप अन्तरगत नमूना कृषि वन (पर्माकल्चर मोडेल) स्थापना गर्ने कृषकहरुलाई टोल विकास संस्था र प्राविधिक कर्मचारीहरुको सिफारिसका आधारमा कृषकहरुको लागत सहभागिता रहनेगरी नमूना फार्म मार्फत व्यवसायिक उत्पादन गर्न सकिने मागमा आधारित फलफुल लगायतका बीउविजनका मिनिकिट, बिरुवा साथै हाते टेक्टर, सिंचाई पोखरी, भर्याङ, क्रेट लगायतका अन्य ससाना औजार सामाग्री उपलब्ध गराईने छ ।

## घ. व्यबसायिक पशु पंक्षी पालन समूहलाई आर्थिक तथा प्राविधिक सहयोग

यस क्रियाकलाप अन्तरगत तोकिएको मापदण्ड भित्र रहेर नमूना पशुपंक्षी फारम स्थापना गर्ने कृषकहरुलाई टोल विकास संस्था र प्राविधिक कर्मचारीहरुको सिफारिसका आधारमा कृषकहरुको लागत सहभागिता रहनेगरी नमूना फार्म मार्फत व्यवसायिक उत्पादन गर्न सकिने मागमा आधारित नश्ल सुधार भएका पशु पंक्षी, खोर निर्माण, भकारो सुधार लगायतका अन्य ससाना क्षेत्रहरुमा सहयोग उपलब्ध गराईनेछ ।

## ङ. व्यबसायिक मौरी पालनका लागि समूहलाई आर्थिक तथा प्राविधिक सहयोग

यस क्रियाकलाप अन्तरगत तोकिएको मापदण्ड भित्र रहेर नमूना मौरी पलान फारम स्थापना गर्ने कृषक समूहमा आवद्द कृषकहरुलाई टोल विकास संस्था र प्राविधिक कर्मचारीहरुको सिफारिसका आधारमा कृषकहरुको लागत सहभागिता रहनेगरी नमूना फार्म मार्फत व्यवसायिक उत्पादन गर्न सकिने मागमा आधारित मौरी गोला सहितको घार, महमदानी, रानी ढोका, रानी थुन्ने बाकस, भेर छोप्ने झोला, विभेल, धुवा दिन धुवा दानी (कगरेटो), बाल्टी, चक्कु, एप्रोन आदि ससाना औजार सामाग्रीहरु सहयोग उपलब्ध गराईनेछ ।

## ६.४.१० दुध, फलफूल तथा तरकारी संकलन केन्द्र स्थापना र व्यवस्थापन

विगतदेखि नगरपालिकाले सञ्चालन गरेको तरकारी संकलन केन्द्रलाई अपग्रेडिङ गरी कार्यक्षेत्रबाट उत्पादन हुने दुध, तरकारी तथा फलफूलको एकिकृत रुपमा थोक तथा खुद्राविक्री केन्द्रको रुपमा स्थापित गरिनेछ । यसले विगतमा कृषकहरुमा हुनेगरेको बिचौलियाको एकाधिकार तोड्नेछ र कृषकलाई उचित मुल्य प्रदान गर्नका लागि नमूना बन्नेछ । भविष्यमा यस केन्द्रलाई सिकाई केन्द्रमा समायोजन गरी सञ्चालन गरिनेछ । यस बिक्री केन्द्रको सञ्चालनका लागि नगरपालिकाका प्राविधिक कर्मचारी, कृषि ज्ञान केन्द्रका प्रतिनीधि, कृषक प्रतिनीधि साथै गैरसरकारी संस्थाका प्रतिनीधिहरु समेतको सहभागितामा बोर्ड निर्माण गरी परिचालन गरिनेछ ।

## ६.५ कम्पोष्ट मल निर्माण

नगरपालिकाको शहरी क्षेत्रभित्र बसोबास गर्ने घरधनीहरुलाई लक्षित गरेर यो क्रियाकलाप सञ्चालन गरिनेछ । यस अन्तरगत तपशिल अनुसारका कार्यहरु सञ्चालन हुनेछन् ।

### ६.५.१ कौशी खेती तालिम

यस तालिमका लक्षित सहभागीहरुमा नगरक्षेत्रको शहरी ईलाकाका टोलविकास संस्थासँगको छलफल पश्चात छनौट अन्य केही तरिकाबाट छनौटमा परेकाहरु घरधनीहरुलाई कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने र कौशीमा स्वस्थ तरकारी उत्पादन तालिमका लागि योग्य हुनेछन् । तालिममा ठाँउ र परिवेश हेरि १५ देखि ३० जना सहभागीहरुलाई समावेश सकिनेछ ।

यस तालिमको समयावधि १ दिनको रहेको छ । यसमा विशेष गरेर कौशी खेतीको परिचय महत्व र फाईदा, घरभित्रको कुहिने फोहरलाई संकलन गरेर कम्पोष्ट मल बनाउने, झोल मल तथा घरेलु जैविक औखती तयारी लगायतका विषयहरु समाबेश हुनेछन् । यस तालिमको समयाबधि जम्मा ६ घण्टाको हुनेछ ।

### ६.५.२ कौशी खेतीका लागि कम्पोट विन वितरण

यस क्रियाकलाप अन्तरगत नमूना कौशी खेतीका लागि तालिम प्राप्त शहरी क्षेत्रका घरधनीहरुलाई लक्षित गरी टोल विकास संस्था र प्राविधिक कर्मचारीहरुको सिफारिसका आधारमा घरधनीहरुको लागत सहभागिता रहनेगरी कम्पोष्ट विन उपलब्ध गराईने छ ।

## ६.६ नमूना सिंचाई योजना सञ्चालन

यस क्रियाकलाप प्रारम्भिक चरणमा व्यवसायिक कृषि उत्पादन हुने क्षेत्र र कृषकहरुको वाहुल्यता भएको स्थानलाई केन्द्रित गरी सञ्चालन हुनेछ भने श्रोतको प्रयाप्तता र उपलब्धतालाई ख्याल गर्दै सहक्रियाकलापको रुपमा व्यवसायिक कृषकहरुको स्थापित फार्मका लागि स-साना सिंचाई योजना, सिंचाई पोखरी, सरलथोपा सिंचाई आदि समेतलाई स्थापना गर्नको लागि सहयोग रहने छ ।

## ७ अन्तरसरकारी समन्वय

स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार बीचको आर्थिक, प्राविधिक र मानवीय सहायताका लागि त्रिकोणात्मक समन्वयमा भिरकोट नगरपालिकाको भिरकोट गाँउ नगर एकिकृत कृषि विकास नमुना कार्यक्रमको सफल कार्यान्वयन गरिनेछ ।

## ८. कार्यक्रमको अनुगमन मुल्याङ्कनः

- कार्यालयले अनुगमन मूल्याङ्कन समितिले योजनाबद्ध नियमित संस्थागत तथा कार्यक्रमिक अनुगमन मुल्याङ्कन गर्ने स्थायी परिपाटी विकास गर्नेछ जसले परियोजना अनुगमन गरी प्रतिवेदन उपलब्ध गराउने ।

- कार्यक्रमको प्रभावकारिताको लागि कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनको अवस्था देखिने नियमित अनुगमन गरिने परिपाटी विकास गरी लागु हुनेछ ।
- कार्यक्रम सञ्चालन गर्ने संस्था तथा कार्यलयका कर्मचारी अभियान्ता बसेर नियमित रुपमा कार्ययोजना तयारी र पुनरावलोकन गरिनेछ ।
- क्रियाकलाप सञ्चालन पश्चात बार्षिक रुपमा गुणात्मक तथा परिणात्मक प्रगती प्रतिबेदन तयार गरी संस्था तथा सम्बन्धीत निकायमा पेश गरीनेछ ।
- अनुगमन मुल्याङ्कन योजनालाई समयानुकुल परिवर्तन गर्दै लगिनेछ ।
- अनुगमन कार्यक्रमको थप प्रभावकारिताको लागि कार्यालयले सामाजिक लेखापरीक्षण, मामला अध्ययन, स्थलगत अवलोकन र अन्तरक्रिया जस्ता प्रक्रिया अपनाई लक्षित समुदाय एवं सरोकारवालाहरुको प्रतिक्रिया सुझाव तथा परामर्स लिई कार्यक्रमको उपलब्धी असर तथा प्रभाव समेतको अनुगमन गरीनेछ ।
- सरोकारवालाहरु बिच बैठक बसी कार्यक्रम समीक्षा गरिने छ ।